# नेपाल पुलिस स्कुल
## साँगा, काभ्रेपलाञ्चोक

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२० गते)

यस बिद्यालयको लागि आ.व.२०८२।०८३ मा आवश्यक पर्ने (स्टेशनरी सम्बन्धी, इलेक्ट्रिक सम्बन्धी, सरसफाई सम्बन्धी, फर्निचर सम्बन्धी र पलम्बर सम्बन्धी) सामाग्री हरू खरिदको लागि आपूर्तिकर्ता छनौट गर्नु पर्ने भएकाले इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बिद्यालयबाट प्रस्ताव फारम लिई तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

### तपशिल :-

१. खरिद गरिने सामाग्रीहरुको बर्गिकरण निम्नानुसार हुने छ।
   - क. आ.व.२०८२।०८३ स्टेशनरी **(Stationery)** सम्बन्धी
   - ख. आ.व.२०८२।०८३ बिजुली **(Electric)** सम्बन्धी
   - ग. आ.व.२०८२।०८३ सरसफाई **(Cleaning)** सम्बन्धी
   - घ. आ.व.२०८२।०८३ फर्निचर **(Furniture)** सम्बन्धी
   - ङ. आ.व.२०८२।०८३ पलम्बर **(Plumbing)** सम्बन्धी

२. इच्छुक फर्म/कम्पनीहरुले शीर्षक गत खरिद कार्यको लागि रू.१,०००।- (फिर्ता नहुने गरी) बुझाई मिति २०८२।०४।०२ गते दिउँसो १२:०० बजे भित्र प्रस्ताव फारम खरिद गर्न सकिने छ।

३. शिलबन्दी प्रस्ताव पेश गर्ने फर्म/कम्पनीले निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपी, ब्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, चालु आ.व. को लागि फर्म नविकरण भएको प्रतिलिपी, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपी, प्रस्ताव फारम खरिद रसिद र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको स्व-घोषणा पत्र अनिवार्य शिलबन्दी प्रस्तावसाथ पेश गर्नु पर्ने छ।

४. सि.नं.१ मा उल्लेखित खरिद कार्यको लागि शिलबन्दी प्रस्तावको खाम बाहिर प्रस्ताव पेश गरिएको बर्गिकरण स्पष्ट लेखि छुट्टा छुट्टै प्रस्ताव पत्र पेश गर्नु पर्नेछ तर एउटै फर्मले सम्पूर्ण खरिद कार्यमा सहभागि हुने भएमा आवश्यक कागजात कुनै एक प्रस्तावमा मात्र पेश गरेमा पनि मान्य हुने छ।

५. प्रस्ताव पत्र सम्बन्धी कागजातमा उल्लेखित सामाग्रीको दर-रेट भर्दा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दर-रेट अङ्क र अक्षरमा प्रष्ट खुलाई भरी पेश गर्नु पर्ने छ र अङ्क र अक्षरमा लेखिएको दर-रेट फरक परेमा अक्षरमा लेखिएको दर-रेटलाई मान्यता दिइने छ। केरमेट गरी सच्याएको हकमा प्रस्तावदाताको सहि छाप अनिवार्य भएको हुनु पर्ने छ।

६. सि.नं.२ बमोजिम खरिद गरिएका प्रस्ताव फारमहरू १५ औं दिन अर्थात मिति २०८२।०४।०२ गते कार्यालय समय भित्र दर्ता गरि सक्नु पर्ने छ। रित नपुगी वा म्याद समाप्त भए पश्चात प्राप्त शिलबन्दी प्रस्तावलाई दर्ता गरिने छैन।

७. प्रस्ताव दर्ता र खोलिने दिन कारणबश कुनै सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित स्थान र समयभित्र प्रस्ताव दर्ता र खोलिने छ।

८. सि.नं. ७ बमोजिम रित पूर्वक दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरु मिति २०८२।०४।०४ गते दिनको १३:०० बजे यस विद्यालयमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पुग्ने छैन।

९. प्रस्तावपत्र स्वीकृत भए पश्चात कबोल अंकको ५ प्रतिशतले हुने रकमको कार्य सम्पादन जमानत २०८२ श्रावण मसान्तसम्म मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत वा यस विद्यालयको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैक लिमिटेड बनेपा शाखामा रहेको ००५०१०३०२५२५५३ खातामा नगदै जम्मा गरेको सक्कलै दोश्रो प्रति लिई खरिद सम्झौता गरिने छ।

१०. विद्यालयको लागि आवश्यक सामाग्रीहरु आवश्यकतानुसार एकै पटक वा पटक-पटक गरि मासिक रूपमा खरिद गर्न सकिने छ।

११. प्रस्ताव पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालय प्रशासनमा निहित रहने छ।

१२. प्रस्तावदाताले दर-रेट पेश गरि आपूर्ति गरिने सामाग्रीहरु तोकिए बमोजिमको गुणस्तरयुक्त हुनु पर्ने छ।

१३. विद्यालयसम्म ढुवानी खर्च आपूर्तिकर्ता स्वयंले व्यहोर्नु पर्ने छ।

१४. खरिद सम्झौतामा उल्लेख भए बमोजिम परिमाणमा थप गर्नु पर्ने भएमा सोही दर-रेटलाई आधार मानि खरिद गरिने छ र थप सामाग्रीहरु समेत खरिद गर्नु पर्ने भएमा प्रचलित बजार दरभाउ अनुसार सम्बन्धीत आपूर्तिकर्तासँग खरिद गर्न पनि सकिने छ।

१५. खरिद गरिएका सामाग्रीहरुको भूक्तानी गर्दा नियमानुसारका कर कट्टि गरि भूक्तानी गरिने छ।

१६. माथि उल्लेखित शर्त बाहेकको हकमा सार्वजनिक खरिद ऐन/नियम अनुसार हुने छ।

१७. खरिद सम्बन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा यस विद्यालयमा कार्यालय समयमा ९८५१२९४९४४ मा सम्पर्क गर्न सकिने छ।

**समादेशक**
(मिन बहादुर कुँवर क्षेत्री)
प्रहरी नायव उपरीक्षक